# बैठक नं. - २

बैठक संख्या : ०८२/०८३/२

आज मिति २०८२/०४/३० गते शुक्रबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहानः १० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | — |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | — |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | — |
| १२. | श्री मगली कुमाल | सदस्य | — |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री राम प्रसाद घिमिरे | सदस्य सचिव | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | सहायक पाचौ | |
| १९. | श्री प्रकाश पाठक | ,, | |
| | श्री खुम ब. ढेगा | का. सं. | |
| | | | |

# कार्यपालिकाको दोस्रो वैठकका निर्णयहरु

मिति २०८२/०४/३०

**प्रस्तावहरु**

१. अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।

२. सहकारी संस्थाको नियमन सम्बन्धमा।

३. बालविवाह न्यूनिकरणका लागि कार्यक्रम सम्बन्धमा।

४. सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा।

५. बाल विवाह अन्त्य गर्न तयार गरिएको ५ वर्षे रणनीतिक योजना सम्बन्धमा।

६. लिफ्टिङ खानेपानीको ट्रान्सफर्मर मर्मत सम्बन्धमा।

७. दिवा खाजाको रकम सम्बन्धमा।

८. कार्यविधि सम्बन्धमा

क. माथागढी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ सम्बन्धमा।

ख. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा।

ग. लैङ्गिक हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धि निर्देशिका, २०८२ सम्बन्धमा।

**निर्णयहरु**

१. गाउँकार्यपालिकाको यस अघिको वैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा वैठकमा छलफल गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले गरियो।

२. माथागढी गाउँपालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको प्रभावकारी रुपमा अनुगमन र नियमन गर्न अत्यावश्यक देखिएकोले देहाय बमोजिमको समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

संयोजक - गाउँपालिका उपाध्यक्ष - विष्णुमाया लुङ्चे

सदस्य - आर्थिक विकास समिति संयोजक - तेज बहादुर घर्ती

सदस्य - सहकारी शाखा प्रमुख - नित्यानन्द खनाल

३. माथागढी गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत बाल विवाह न्यूनिकरणको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न प्रतेक वडा तथा टोलमा बाल क्लबहरु गठन तथा पुनःगठन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

४. माथागढी गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन कार्यविधि २०८२ मा दफावार छलफल गरी सर्वसम्मतिले निर्णय गरियो।

५. माथागढी गाउँपालिकाको बाल विवाह अन्त्य गर्न तयार गरिएको ५ वर्षे रणनीतिक योजना सर्वसम्मतिले पारित गरियो।

६. माथागढी गाउँपालिका अन्तर्गत सरापकोट र ढुङ्गेखोला लिफ्टिङ खानेपानी आयोजनाको ट्रान्सफर्मर बिग्रेकोले लागत अनुमान तयार गरी मर्मत गरी भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।

७. गाउँपालिकाद्वारा गत आ.व.मा प्रदान गरिएको कक्षा ६ का लागि दिवा खाजा बापतको रकम रु.१५ मा रु.५ (पाँच) वृद्धि गरी रु.२०(बिस) उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

८. माथागढी गाउँपालिकाको देहाय बमोजिमका कार्यविधिमा छलफल गरी सर्वसम्मतिले पारित गरियो।

क. माथागढी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ सम्बन्धमा।

ख. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा।

ग. लैङ्गिक हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धि निर्देशिका, २०८२ सम्बन्धमा।